नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
अनिवार्य शिक्षा तथा बाल अधिकार शाखा
सानोठिमी, भक्तपुर

प.सं. ०७४/७५
च.नं. ३५

मिति : २०७४/१०/०२

**बिषय : सिकाइ केन्द्र सञ्चालन सम्वन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
धादिङ, महोत्तरी, पर्सा, रसुवा, सर्लाही, बारा, सिन्धुपाल्चोक, बाँके, डोल्पा, हुम्ला, जुम्ला, रोल्पा, काश्की, मुस्ताङ, रुपन्देही, स्याङ्जा, पाँचथर, अछाम, बझाङ, दार्चुला, डोटी र कञ्चनपुर ।

प्रस्तुत सम्बन्धमा आ.व. ०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रमको बजेट उपशीर्षक नं. ३५०८०६ विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत क्रं. सं.२.१५.११.४१८/२.१५.११.१२८ मा विद्यालय बाहिर रहेका आधारभूत तह (४–१२ वर्ष) उमेर समूहका बालबालिकाहरूलाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि त्यस जिल्लामा सिकाइ केन्द्र सञ्चालन सम्बन्धी कार्यक्रम रहेको हुँदा उक्त सिकाइ केन्द्र स्थापना, सञ्चालन प्रक्रिया र खर्चको नर्म्स आ.व. २०७४/०७५ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्पष्ट रूपमा उल्लेख भएको व्यहोरा अवगतै छ । उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि छनोट गरिएका सहजकर्ताहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले लक्षित उमेर समूहका बालबालिकाहरू रहेको क्षेत्र पहिचान गरी अध्ययन गर्ने बालबालिकाहरूको केन्द्रगत रुपमा नाम नामेसी र छनोट भएका सहजकर्ताहरूको नाम सहितको विवरण मिति २०७४/११/१५ गते भित्र यस विभागको अनिवार्य शिक्षा तथा बाल अधिकार शाखामा पठाउन हुन निर्देशानुसार अनुरोध छ ।

..................

नारायणी जोशी
शाखा अधिकृत


फोन नं. ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट:- www.doe.gov.np